# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

चलानी नं. ...४६१।०७४-०७५

मिति : २०७५/०२/३०

श्री विभागीय प्रमुखज्यू,

—————— केन्द्रीय विभाग,

कीर्तिपुर, काठमाडौं ।

**विषय : दोस्रो र चौथो सेमेष्टरको परीक्षा फाराम भर्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय डीनको कार्यालयबाट सञ्चालित शैक्षिक वर्ष २०१७ को स्नातकोत्तर तह दोस्रो सेमेष्टर र शैक्षिक सत्र २०१६ को स्नातकोत्तर तह चौथो सेमेष्टरको पूर्व निर्धारित शैक्षिक क्यालेण्डर अनुसार आगामी श्रावण दोस्रो हप्तादेखि **सत्रान्त** परीक्षा हुने भएकाले सम्बन्धित सबै विद्यार्थीहरुलाई मिति २०७५/०३/१५ गते सम्ममा आ-आफ्नै क्याम्पसमा परीक्षा फाराम भर्न भराउनुहुन अनुरोध गरिन्छ । साथै, सम्बन्धित क्याम्पसहरुले फारामहरु रुजु गरी अंग्रेजीको वर्णानुक्रमानुसार मिलाई प्रति विद्यार्थी रु. १०००/- (एक हजार) का दरले यस संकायको डीनको कार्यालय (नेपाल बैंक लिमिटेड, कीर्तिपुर चल्ती खाता नं. ०४५००१०००९९०४५००००१) मा जम्मा गरी सक्कल भौचर सहित अनिवार्य रुपले आषाढ १७ गतेभित्र यस कार्यालयमा बुझाउनुहुन समेत अनुरोध गरिन्छ ।

**नोटः परीक्षा फाराम यस डीन कार्यालयबाट प्राप्त गर्न सकिने छ । यसका साथै सम्बन्धित विभाग/क्याम्पसहरुले विद्यार्थीहरुको आन्तरिक मूल्याङ्कन पठाउँदा प्रत्येक विषयको अंग्रेजीको वर्णानुक्रमानुसार मिलाई छुट्टै खाममा सिलबन्दी गरी परीक्षा फाराम सँगै पठाउनुहुन अनुरोध गरिन्छ । विद्यार्थीहरुको आन्तरिक मूल्याङ्कन परीक्षा फारामसँगै नआएमा परीक्षार्थीहरुलाई परीक्षामा सहभागी नगराइने समेत जानकारी गराइन्छ ।**

डा. शरदचन्द्र ठाकुर
सहायक डीन
तथा
सदस्य सचिव, परीक्षा सञ्चालन समिति

**कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०; फ्याक्सः + (९७७-१) ४-३३५१०४**
E-mail: support@tufohss.edu.np Website: www.tufohss.edu.np